# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३ संख्या २ मितिः 2076 जेठ 22

**भाग- २**

**जोरायल गाउँपालिकाको सूचना**

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**अध्यक्ष विशेष कृषि विकास कार्यक्रम संचालन कार्यविधि-२०७६**

# अध्यक्ष विशेष कृषि विकास कार्यक्रम संचालन कार्यविधि-२०७६

स्विकृत मितिः-२०७६/०२/२१

## खण्ड १. पृष्ठभूमि

कृषि प्रधान गाउँपालिकाको रुपमा रहेको जोरायल गाउँपालिकाको कृषिलाई निर्वाहमुखिबाट व्यवसायिक र आधुनिक बनाउनका लागि यस जोरायल गाउँपालिकाले अध्यक्ष विशेष कृषि विकास कार्यक्रम संचालन कार्यविधि- २०७६ तयार गरी लागू गरेको छ ।

## खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ यो कार्यविधिको नाम **अध्यक्ष विशेष कृषि विकास कार्यक्रम संचालन कार्यविधि-२०७६** रहेको छ ।

२.२ यो कार्यविधी स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष " भन्नाले जोरायल गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष विशेष कृषि विकास" भन्नाले स्थानिय सम्भाव्यता र आवश्यकताका आधारमा तोकिएको बाली/बालीवस्तुमा न्यूनतम १ हे., हाईटेक प्रविधि पोलीहाउस न्यूनतम साईज १२ मि. लम्वाई ६ मिटर चौडाईको, त्यसै गरी तरकारी तथा फलफुल खेती र मसला खेती अन्तरगत अदुवा बेसार लसुन जस्ता आदि बाली उत्पादन तथा भण्डारका लागि रष्टिक स्टोर, फलफूलको हकमा केरा खेती १ हे. सुन्तला जात फलफूल १ हे. रेन्ब्रो ट्राउट माछा पालन गर्नुका साथै नविनतम औजार उपकरणहरु जस्तै मिनिटिलर ९ एच.पि. पावर ५ एच पि टिलर थ्रेसर जस्ता आदि मेसिनरी सामाग्रीहरु वा मौरीको हकमा न्युनतम १०० आधुनिक घारमा मौरीपालन गर्ने र कन्ये तथा गोब्रे च्याउको हकमा न्युनतम २०० के.जी. बीउ उपयोग गरी खेती गरिने वा शिताके च्याउको हकमा न्युनतम २०० मुढामा खेती गरी

गाउँपालिका स्तरमा संचालन गरेको व्यवसायिक उत्पादन केन्द्र सम्झनु पर्दछ ।

(ग) "समिति " भन्नाले सम्वन्धित अध्यक्ष कृषि विकास कार्यक्रम छनौट गर्ने कृषि समिति सम्झनु पर्दछ ।

(घ) "कार्यदल " भन्नाले यसै कार्यविधिको दफा ४.४ बमोजिमको कार्यदल सम्झनु पर्दछ ।

(ङ) "प्रमुख " भन्नाले जोरायल गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतसम्झनु पर्दछ ।

## खण्ड ३. उद्देश्य

कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने कार्यक्रमहरु विकास गरी छनौट गरिएको बाली/वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी श्रृजना गरी कृषहरुको आम्दानी वृद्धि गर्नु यस कार्यक्रम संचालनको उद्देश्य रहेको छ ।

## खण्ड ४. अध्यक्ष विशेष कृषि विकास कार्यक्रम निर्माण/छनौट प्रक्रिया

४.१ **अध्यक्ष विशेष कृषि विकास कार्यक्रम का** लागि देहायका सेवा/सुविधा/पूर्वाधारहरु भएको हुनुपर्नेछ :

क) सडकको पहुँच भएको वा हुनसक्ने

ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने

ग) विद्युतको उपलब्धता भएको वा हुन सक्ने

घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

ङ) वित्तीय संस्थाहरुको पहुँच भएको वा हुनसक्ने

च) कृषि विकास शाखा वा गाउँपालिका सँगको पहुँच भएको

४.२ यस कार्यक्रम अन्तरगत प्रथम वर्ष अर्थात आ.व २०७५/७६ का लागि जोरायल गाउँपालिका का ६ वटै वार्डहरुमा कार्यक्रमहरु संचालनमा रहनेछन् । आगामी बर्षहरुमा सम्भाव्यता र मागका आधारमा पकेट संख्या वृद्धी गर्दै लगिने छ ।

४.३ गाउँपालिकाको प्राथमिकता प्राप्त बालीमासंचालनमा रहेको/रहने बाली/वस्तुमा उक्त गाउँपालिकामा लक्षित कुल उत्पादन केन्द्रको कम्तीमा ५० प्रतिशत र गाउँपालिकाको आवश्यकता र सम्भाव्यताका आधारमा अन्य बाली/वस्तुमा बाँकी ५० प्रतिशत उत्पादन केन्द्रहरु  सम्बन्धित कृषि विकास शाखा मार्फत संचालन गरिनेछ ।

४.४ दफा ४.३बमोजिम उत्पादन क्षेत्र निर्माण गर्दा भौगोलिक तथा प्राविधिक सम्भाव्यता र माटोको उर्वराशक्तिका आधारमा प्रत्येक वार्डहरुमा तोकिएका बाली/वस्तुका पकेटहरु निर्माण गर्न चाहने कृषक समुह/कृषि कार्यमा संलग्न सहकारी/कृषि उद्यमीहरु/जल उपभोक्ता समितीकोआवेदन माग गरी सूची तयार गरिनेछ । सूचीकृतहरुमध्येवाट आवश्यक संख्यामा पकेट छनौटका लागि गाउँपालिकास्तरमा सम्वन्धित शाखाका विषय विशेषज्ञगाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सहकारी प्रतिनिधी कृषक प्रतिनिधीको संयोजकत्वमा आवश्यकतानुसार सदस्यहरु थप रहने गरी कार्यदल बनाइनेछ ।उक्त कार्यदलले तोकेका सूचकहरु र स्थलगत प्रमाणिकरण समेतका आधारमा सिफारिश गरे अनुरुप पकेट क्षेत्रको छनौट गरी कृषि विकास शाखा जोरायल डोटीले गर्नेछ ।यसरी छनौट भएका कृषक समुह/सहकारी/कृषि उद्यमी/जल उपभोक्ता समितिहरुको सुचि तयार गरिनेछ । सुचि तयार भए पश्चात तत् संस्थाहरूलाई सम्झौतागर्नका लागि १५ दिने म्याद सहितको पत्राचार गरिनेछ । तोकिएको अवधिमा सम्झौता गर्न{ नआएमा कृषि विकास शाखाले सहजिकरण गरी मागमा आधारित कार्यक्रमहरुको प्रस्तावना तयार गरी सवही बमोजिम सम्झौता गरिनेछ । सम्वन्धित जोरायल गाउँपालिका कृषि शाखा कार्यालयकाविच तोकिएका कार्यक्रमहरु संचालनका लागि एक सम्झौता हुनेछ ।

## खण्ड ५. अध्यक्ष विशेष  कृषि विकासकार्यक्रम संचालन प्रक्रिया

५.१ अध्यक्ष विशेष कृषि विकास कार्यक्रम  संचालनका सम्वन्धित जोरायल गाउँपालिका कृषि विकास शाखासँग भएको सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने सम्वन्धमा खण्ड ४ वमोजिम छनौट भएका क्षेत्रको व्यवस्थापनका लागि सम्वन्धित कृषक समुह/सहकारी/कृषिउद्यमी/जल उपभोक्ता समितिहरुको प्रतिनिधित्व रहने गरी प्रस्ताव पेश गरेकासमितिको सदस्यरु सम्बन्धित बाली/वस्तुको व्यवसायिक खेतीमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ । कृषि विकास रणनीति (ADS) ले परिकल्पना गरे वमोजिमको सामूदायिक कृषि प्रसार कृषि विकास शाखा प्रमुख पदेन सदस्यको रुपमा रहनेछ ।नेपाल सरकारको श्रोतवाट संचालन गरिने कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पादनको भुक्तानी गर्दा सम्वन्धित वडा कार्यालय सहमती पत्र अथवा सिफारिस अनिवार्य रहनेछ। कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, कम्पनी वा फर्मको हकमा सोही कृषि उद्यमी, कम्पनी वा फर्मका संचालक नै भूमिका निर्वाह गर्नेछन् ।

५.२ संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

क) अध्यक्ष विशेष कृषि विकास कार्यक्रम संचालनका लागि आवश्यक उत्पादन सामग्रीहरुको परिमाण, श्रोत र लागतको अनुमान गर्ने । बाली चक्रको लागि उत्पादन योजना सहितको प्रस्तावना तयार गर्ने ।

ख) जोरायल गाउँपालिका कृषि विकास शाखाको समन्वयमा आवश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने ।

ग) अध्यक्ष विशेष कृषि विकास कार्यक्रम संचालन क्षेत्रमा संचालन गरिने कार्यक्रम कार्यान्वयन गर्ने र आवश्यक समन्वय गर्ने ।

घ) अध्यक्ष विशेष कृषि विकास कार्यक्रमलाई व्यवस्थित रुपमा संचालनका लागि आधार तयार गर्ने, संलग्न कृषक कृषक समुह/सहकारी/जल उपभोक्ता समूह/कृषि उद्यमीहरु लगायतसंग निरन्तर सम्वाद र सहकार्य गर्ने ।

ङ) मासिक रुपमा कृषि विकास शाखा मार्फत गाउँपालिकामा प्रगति प्रतिवेदन गर्ने।

च) अध्यक्ष विशेष कृषि विकास कार्यक्रम व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सवै आवश्यक कार्यहरु गर्ने ।

छ) संचालक समिति तथा समूह सहकारीको हकमा नियमित बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रुपमा र आवश्यकतानुसार अन्य समयमा समेत बस्न सक्नेछ। बैठकमा समिति बाहिरका सम्बन्धित प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

ज) अध्यक्ष विशेष कृषि विकास कार्यक्रम संचालन सम्बन्धि आन्तरिक आचारसहिता (code of conduct) आवश्यक भएमा तयार गरी पालना गर्ने गराउने ।

झ) मासिक रुपमा कृषि विकास शाखा कार्यालयमा प्रगति प्रतिवेदन गर्ने।

ञ) कार्यक्रमको दिगोपनाको लागि समितिको अवधी र समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधी समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ । तर समितका पदाधिकारी र सदस्यहरुको पदावधी २ बर्षभन्दा बढी हुने छैन । समितिले आवश्यक विनियम तयार गरी सोही वमोजिम समितका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नेछ ।

ट) समिति गठन भएको ६ महिना भित्र उक्त समिति गाउँपालिका स्तरमा कृषि विकास शाखामा निर्धारित प्रकृया

अनुरुप दर्ता हुनु पर्नेछ । उक्त समितिको नियमित नविकरण गर्ने जिम्मेवारी समितिको हुनेछ ।

५.३ जोरायल गाउँपालिकाबाट प्रदान गरिने वस्तुगत सहयोग सामान्यतया अध्यक्ष विशेष कृषि विकास कार्यक्रम सफलताको आधारमा जोरायल गाउँपालिका कृषि विकास शाखाको प्रगति प्रतिवेदनको आधारमा र आवश्यकताको आधारमा अवधि थप घट समेत गर्न सक्नेछ ।

## खण्ड ६. संचालन गरिने कार्यक्रम

### ६.१ गा पा स्तरमा अध्यक्ष विशेष कृषि विकास कार्यक्रम अभिमुखीकरण

सम्वन्धित जोरायल गाउँपालिका कृषि विकास शाखाले अध्यक्ष बिशेष कृषि बिकास कार्यक्रम यस जोरायल गाउँपालिकाको क्षेत्रभित्र रहेका कृषक, कृषक समुह/सहकारी/जल उपभोक्ता समूह/कृषि उद्यमी, नीजि सेवा प्रदायक लगायत अन्य सरोकारवाला निकायहरुको उपस्थितीमा कार्यक्रम संचालन सम्वन्धमा गाउँपालिकास्तरमा अभिमुखीकरण कार्यक्रम संचालन गर्नेछ ।

### ६.२ चालु तथा पूंजीगत अनुदान कार्यक्रमहरु

#### ६.२.१ चालु अनुदान

**क) उत्पादन प्रविधि प्रदर्शन**

सम्वन्धित कृषि विकास शाखा कार्यालयले सम्वन्धित अध्यक्ष विशेष कृषि विकास कार्यक्रम क्षेत्रमा सहभागितात्मक नविन उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम कार्यक्रम संचालन गर्नेछ ।प्रविधी हस्तान्तरणमा सतप्रतिशत अनुदान रहनेछ ।

**ख) उत्पादन सामग्री सहयोग**

सम्वन्धित जोरायल गाउँपालिका कृषि विकास कार्यालयले सम्वन्धित अध्यक्ष विशेष कृषि विकास कार्यक्रम क्षेत्रका लागि उन्नत वीउ/वेर्ना/ विरुवा/माछा भुरा/रसायनिक एवं जैविक विषादी/रासायनिक तथा प्राङ्गारिक मलजस्ता उत्पादन सामग्री सहयोग गर्नेछ । उपरोक्त वमोजिमका उत्पादन सामाग्रीहरुमा जोरायल गाउँपालिको तर्फवाट सत

प्रतिशत अनुदान सहयोग हुनेछ भने रसायनिक तथा प्राङ्गारिक मलको हकमा विद्यमान व्यवस्था वमोजिमको अनुदान सहयोग रहनेछ ।

**ग) अन्य कार्यक्रमहरु**

यसका अलावा संचालक समितिको माग र स्थानीय संभाव्यताका आधारमा परियोजना दस्तावेजको मर्म अनुरुपका अन्य चालु खर्च अन्तर्गतका कार्यक्रमहरु समेत तर्जुमा गरी संचालन गरिनेछ । जमिन बाँझो राख्ने प्रवृत्तीलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिने छ ।

## ६.२.२ पूंजीगत अनुदान

पूंजीगत अनुदान वापत प्रत्येक कार्यक्रमका लागि यस जोरायल गाउँपालिका वाट निश्चित बजेट विनियोजन गरिनेछ । बिनियोजित बजेटको परिधिभित्र रही पूंजीगत आवश्यकताका क्षेत्रहरु जस्तै मेशिनरी औजार, सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार,प्रारम्भिक प्रशोधन पूर्वाधारहरु (Threshing floor, storage house, collection center) लगायतका पूर्वाधार विकासमा खर्च गर्न सकिनेछ । यस्ता प्रकृतीका पूँजिगत कार्यक्रमहरु संचालन गर्दा मेशिनरी औजारको लागि बढीमा ७५ प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढीमा ८५ प्रतिशत, साना सिंचाई पूर्वाधारमा बढीमा ८५ प्रतिशत र उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत जोरायल गाउँपालिको तर्फवाट अनुदान उपलब्ध गराउन सकिनेछ ।

## खण्ड ७. कार्यक्रम अनुगमन/प्रतिवेदन

७.१ जोरायल गाउँपालिका भित्र रहेका अध्यक्ष विशेष कृषि विकास कार्यक्रम मार्फत संचालनमा रहने अध्यक्ष विशेष कृषि विकास कार्यक्रमहरुमा संचालित कार्यक्रमको अनुगमन सम्वन्धितजोरायल गाउँपालिकाकृषि विकास शाखा तथा गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले गर्नेछ ।

७.२ गाउँपालिकास्तरीय विषयगत विषयगत शाखाहरुले संयूक्त अनुगमन गरी गाउँपालिकास्तरीय अनुगमन निरीक्षण गरी पृष्टपोषणसहित

जोरयाल गाउँकार्य पालिका  मार्फत  कृषि बिवकास शाखामा समेत प्रतिवेदन/सुझाव दिनेछन् ।

७.३ मासिक, चौमासिक र बार्षिक रुपमा तोकिएको फर्मेट वमोजिमको पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमहरुको प्रगति विवरण सम्वन्धित कृषि विकास शाखाले  जोरायल गाउँकार्यपालिको कार्यालय समक्ष पेश गर्नेछ । यसको जानकारी  कृषि ज्ञान केन्द्रमा उपलब्ध गराउनु पर्नेछ । चौमासिक र वार्षिक रुपमा अध्यक्ष विशेष कृषि विकास कार्यक्रमको गाउँपालिका स्तरीय समिक्षा  गोष्ठी गरिनेछ ।

## खण्ड ८. विविध

८.१ यस कार्यविधीमा उल्लेख भएका वाहेक अन्य कुराहरु विद्यमान नर्मस, कार्यविधी, निर्देशिका, र प्रचलित नियम कानून बमोजिम हुनेछ ।

८.२ आगामी वर्षहरुमा थप हुन सक्ने अध्यक्ष विशेष कृषि विकास कार्यक्रमको संख्या बाली/वस्तु सम्वन्धी अन्य विषयवस्तुहरु जोरायल गाउँ कार्यपालिका कृषि बिकास समितिको निर्णय बमोजिम हुनेछ ।

८.३ **बचाउः** यो कार्यविधि लागू हुनुभन्दा अघि संचालन भएका अध्यक्ष विशेष कृषि विकास कार्यक्रम यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनूसूची १
भुक्तानी माग निवेदन ढाँचा

मिति: ........................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
जोरायल गाउँपालिकाको कार्यालय
रावतकट्टे, जोरायल डोटी

**बिषय: बिउ पूजी रकम उपलब्ध गराइदिने बारे**

उपरोक्त सम्बन्धमा यस जोरायल गाउँपालिका वार्ड न ........ मा गठित ...................... समूह।सहकारी ब्यक्तिगत फर्मले बिगत ....... बर्ष देखि अध्यक्ष विशेष कृषि विकास कार्यक्रम काम गर्दै आएकोले सव काम सम्पन्न भै सकेको हुदा सामुदायिक कोष स्थापनाको लागि बिउ पूजीवाफतको रकम रु ......./- अछेरुपी रु .....................................मात्र यस समुह सहकारी ब्यक्तिगत फर्मको तपशिल बमोजिमको खातामा जम्मा गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै, आवश्यक कागजातहरु यसै निवेदनका साथ संग्लन गरेका छौ ।

**तपशिल (खाता विवरण):**

नाम:
बैंक को नाम र शाखा:
खाता न:

**निवेदक:**
नाम.......................
पद........................
हस्ताक्षर .................

अनुसूची २

निवेदन ढाँचा

मितिः========================

श्रीमान ================================================= ज्यू

जोरायल गाउँपालिकाको कार्यालय

रावतकट्टे,जोरायल डोटी

विषयः ……………………………………………………………………

महोदय,

डोटी जिल्ला जोरायल गाउँपालिका वार्ड नं … … . मा स्थापित यस समूह/बहुउद्धेश्यीय सहकारी/कृषिसहकारी/कृषक/फर्म/उद्यमी………………… …………………ले……………….. खेती कार्य गर्नका लागि प्रस्ताव तयार गरेकोले अनुदान उपलब्ध गराई दिन हुन सादर अनुरोध गर्दछौ/ गर्दछु ।

**निवेदकको**

नामः

पदः

सम्पर्क नं

छापः

## प्रस्ताव पत्रको नमूना

१ सामान्य जानकारी

- कार्यक्रमको नामः================================================ कार्यक्रम
- समूह /सहकारी /उद्यमीको नामः============================================
- कार्यक्रम सञ्चालन गरिने स्थानः जोरायल गाउ पालिका वार्ड नं========= डोटी
- उपलब्ध जमिनको क्षेत्रफलः ============================ रोपनी
- हाल खेति भईरहेको क्षेत्रफलः ============================ रोपनी
- कार्यक्रमले बिस्तार गर्ने खेतिको क्षेत्रफलः =========================रोपनी
- कार्यक्रमको प्रस्तावकः श्री ==================================================,

२. पृष्ठभूमी ‖==============================================================

३. कार्यक्रम सञ्चालनको उदेश्यहरु:

-
-

अनूसूची ३

**जोरायल गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**कृषि विकास शाखा**

**रावतकट्टे डोटी**

**अध्यक्ष विशेष कृषि विकास कार्यक्रम सम्वन्धी सम्झौता पत्र**

जोरायल गाउँपालिका रावतकट्टे डोटी जसलाई यस पछि प्रथम पक्ष भनी सम्बोधन गरिनेर कृषकसहकारी/समूह/कृषक **श्री..................कृषक/समूह/सहकारी/ब्यक्तीगत फर्म** गा पा जोरायल वडा नं. **.................. डोटी** अन्तरगत **... ... ... ... ... ... ... ... ... ...** कृषक/अध्यक्ष/संयोजक/संचालक समितिले निर्णय गरी सम्झौता गर्न पठाईएका आधिकारीक ब्यक्ती - जसलाई पछिको दोस्रो पक्ष भनि सम्बोधन गरिनेबिच तपसिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्ने शर्तहरुको अधिनमा रहि सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौ/दियौ, ईति सम्वत.........साल......... महिना ......... गते रोजमा शुभम् ।

शर्तहरु

१. यो सम्झौताको अवधी..........साल ...... महिना ...... गते देखि **..........**साल **..........**महिनाको **..........** गते सम्म हुनेछ ।

२. प्रथम पक्षले आ व **..........** को अध्यक्ष विशेष कृषि विकास कार्यक्रम सम्वन्धी कार्यक्रम संचालन गर्न जोरायल गाउँपालिका कृषि बिकास शाखाबाट विनियोजित बजेटरु:**..........**को **..........**२०प्रतिसत आवेदकको लगानी रु:**..........**।४ प्रतिसत कन्टेन्जेन्सी रु:**..........**। गरी कूल जम्मा रकम रु:**..........**। योजना हुनेछ जस मध्येबाट आवेदकलाई खुदरु **..........** मात्र भुक्तानी दिईने छ ।

३.पहिलो पक्षले दोस्रो पक्षलाई तपसिल अनुसारका कार्यक्रम संचालनको लागि तपसिलको कार्ययोजना अनुसार २ किस्तामा सामाग्री वा सोझै

/ड्राफ्ट/ चेक अनुदान स्वरुप तेस्रो पक्षको रोहवरमा उपलब्ध गराईनेछ।

तपसिल

| क्र स | विवरण | ईकाई | परि माण | दर | जम्मा | जो गापा बाट अनुदान | आवेदक को लगानी | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| क | पूजीगत लगानी | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा पूजीगत लगानी | | | | | | | |
| ख | चालू खर्च | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा चालू खर्च | | | | | | | |
| | कूलजम्मा | | | | | | | |

४. दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्रविधी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको कार्यक्रम संचालन गर्ने ।

५. पहिलो पक्षले नियमित रुपमा कार्यक्रम संचालन गरे नगरेको अनुगमन गर्नेछ ।

६. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयम आफैको हुनेछ ।

७. यसको सामाजिक लेखा परीक्षण सम्वन्धित कृषक, सहकारी,समूह व्यक्तीगत फर्म वा स्वयम कृषकले गराउनु पर्नेछ ।

८. कार्यक्रम छनौटमा परेका ब्यक्तीगत फर्म,कृषक,सहकारी/समूहले कम्तीमा पनि २० प्रतिसत स्वयम लगानी गर्नुपर्नेछ ।

९. **अध्यक्ष विशेष कृषि विकास कार्यक्रम** ले लक्ष निर्धारण गरेको क्षेत्रफल अनिवार्य रुपमा कभरेज भएको हुनुपर्नेछ । अन्यथा प्रथम पक्ष कार्यक्रमको खर्च भुक्तानी दिन बाध्य हुनेछैन् ।

१०.यस सम्झौतामा उल्लेख भएको भन्दा अन्य ब्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ।

११. सम्झौता अनुसार कार्यक्रम नगर्ने ब्यक्तीगत फर्म,कृषक,सहकारी/समूहलाई कालो सूचीमा राखिने र कार्यालयबाट प्रवाह गरिने कुनै पनि सेवामा सहभागी गराईने छैन् ।

१२.माथि उल्लेख गरिएको कार्यक्रम सम्पन्न भएको सम्पूर्ण प्रतिवेदन तयार भई सकेपछि मात्र अनुदान स्वरुप प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउनेछ ।

१३.दोस्रे पक्षले उल्लेख गरेका कार्यक्रम बाहेक अन्य खर्च गर्न पाउनेछैन ।

१४.प्रथम पक्षबाट प्राप्त रकम सामाग्रीहरुको सदुपयोग गर्ने सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१५.कार्यक्रम संचालन गर्दा प्रथम पक्षले दिएको निर्देशन र प्राविधिक सल्लाह बमोजिम दोस्रो पक्षले कार्य गर्नुपर्नेछ र कार्यक्रम संग सम्वन्धित जानकारीहरु विवरण र प्रगति विवरणहरु प्रथम पक्षलाई उपलब्ध गराउनुपर्नेछ ।

१६.माथि उल्लेखित सर्त बमोजिम दोस्रो पक्षले कार्य नगरेको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा सम्झौता भंग गर्न सक्नेछ । कार्यक्रम संचालनका लागि दिएको रकम र सामाग्रीहरु प्रचलित नियमानुसार असुल उपर गरिनेछ ।

१७.यस सम्झौतामा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

| <u>पहिलो पक्ष</u> | <u>दोस्रो पक्ष</u> |
|---|---|
| जोरायल गाउंपालिकाको | कृषक/समूह/सहकारी/ब्यक्तीगत फर्मको |
| तर्फबाट सहि गर्नेको | तर्फबाट सही गर्नेको |
| दस्तखतः… … … … … … … | दस्तखतः… … … … … … … … |
| नाम थरः… … … … … … … … | पदः… … … … … … … … … . |
| पदः… … … … … … … | |

कार्यालयः जोरायल गाउंपालिकाको कार्यालय जोरायल डोटी

मितिः… … … … … … …            फोन नं

फोन नं … … … … … … … …

मितिः २०७5 … … … … … …

कार्यालयको छापः

समूह/सहकारी/ब्यक्तीगत फर्मको छापः

## <u>साक्षी</u>

नाम थरः … … … … … … … …

पदः … … … … … … … …

दस्तखतः

फोन नं … … … … … … … …

कार्यालयको छापः